मिति: २०८३/०४/०९ (शनिबार)

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

बैठक संख्या: ७८ औं

समय : विहानः १०.३० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७८ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | — |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| क्र सं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | — |

गुमान सिंह अर्याल

नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८३/०४/०९ गतेको बैठकका प्रस्तावहरु:**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा।
२. चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा ।
३. आ.व.२०८२/८३ को वार्षिक समिक्षा बैठक सम्बन्धमा ।
४. ढुंगा गिटी बालुवाको ठेक्का फरफारक सम्बन्धमा ।
५. कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
६. दररेट निर्धारण सम्बन्धमा ।
७. चालु आ.व.का आयोजना/कार्यक्रमहरुको कार्यान्वयन विधि सम्बन्धमा ।
८. मापदण्ड स्वीकृत सम्बन्धमा ।
९. डि.पि.आर. स्वीकृत र ठेक्का बन्दोबस्ती सम्बन्धमा ।
१०. कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।
११. सेनेटरी ल्याण्डफिल्ड साइटलाई व्यंवस्थित बनाउने सम्बन्धमा ।
१२. मनसुनजन्य विपद् व्यवस्थापन सम्बन्धमा ।
१३. लघु उद्यम विकास कार्यक्रमको वडा छनौट सम्बन्धमा।
१४. विविध
- रातो किताव प्रकाशन सम्बन्धमा ।
- धन्यवाद ज्ञापन, बधाई र शुभकामना सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**
मिति २०८३/०३/१९ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.२ : चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा ।**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) वमोजिम यस बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को तेश्रो चौमासिक अवधी (२०८२ साउन १ गतेदेखि २०८३ असार मसान्तसम्म) मा भएको देहाय वमोजिमको चालु, पूंजीगत तथा समग्र खर्चको प्रगति विवरण यस बैठकमा पेश भयो साथै उक्त चौमासिक खर्च प्रगतिलाई अनुमोदन गर्ने निर्णय गरियो । (विस्तृत विवरण अनुसूची-१ मा संलग्न)

**देहाय:**
१. प्रस्तावित वार्षिक आय बजेट: रु. ८१ करोड ६५ लाख ४७ हजार ३४०

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०४/०९ को बैठक**

२. वास्तविक आय रकमः रु. ७५ करोड ६९ लाख ४९ हजार २७५ (९२.७०%)
३. कुल बार्षिक व्यय बजेटः रु. ८१ करोड ६५ लाख ४७ हजार ३४०
३.१ चालु तर्फ विनियोजित बजेटः रु. ५५ करोड ९२ लाख ५२ हजार ३४०
३.२ पूँजीगततर्फ विनियोजित बजेट रु. २५ करोड ७२ लाख ९५ हजार
४. कुल खर्च रकमः रु. ६४ करोड ८३ लाख ७७ हजार ९९१ (७९.४०%)
४.१ चालु खर्च रकमः रु. ४६ करोड ८७ लाख ७६ हजार ९५६ (८३..८२%)
४.२ पूँजीगत खर्च रकम रु. : रु. १७ करोड ९६ लाख ०१ हजार ०३५ (६९.८०%)

**निर्णय नं.३ : आ.व.२०८२/८३ को वार्षिक समिक्षा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको गत आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा बैठक मिति २०८३ साउन १८ र १९ गतेका दिन सबै शाखाहरु/वडाहरुको विस्तृत प्रस्तुतीकरण एवम् छलफल सहित आयोजना गर्ने, सोको लागि नगरपालिकाको व्यवस्थित हल नभएको र यस समिक्षा कार्यक्रम न.पा.को अत्यन्त महत्वपुर्ण कार्यक्रम रहेको हुँदा बेसीशहरस्थित कुनै एक स्तरिय होटलमा सञ्चालन गर्ने निर्णय गरियो साथै उक्त समिक्षा गोष्ठीमा उठेका विषयहरुलाई यस आ.व.मा क्रमशः कार्यान्वयन तथा सुधार गर्दै लैजाने एवम् उक्त कार्यक्रमलाई सुव्यवस्थित रुपमा सम्पन्न गर्नको लागि मिलाउनु पर्ने सम्पुर्ण व्यस्थापकीय पक्षको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतमार्फत कार्यालयलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ : ढुंगा गिटी बालुवाको ठेक्का फरफारक सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाबाट आ.ब.२०८२/८३ मा ढुंगा, गिट्टी, बालुबा तथा नदीजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री वितरणका लागि मध्यमर्स्याङ्गदी जलविद्युत आयोजनाको बाँधक्षेत्रमा पर्ने घाटहरुमा जिल्ला विपद् व्यवस्थापन समितिको सहमति बमोजिम भारी मेसिन प्रयोग गरी संकलन गर्ने गरी ठेक्का लगाईएको र न.पा.का ईन्जिनियरको अध्यक्षतामा गठन भएको प्राविधिक नापजाँच तथा अनुगमन समितिले (परामर्शदातासमेतको सहयोगमा) नापजाँच एवम् अनुगमन गर्दा उक्त ठेक्का कार्यान्वयनको क्रममा सम्वन्धित ठेकेदारहरुले अनुमति दिईएको परिमाणभन्दा बढी परिमाण उत्खनन गरेको प्रतिवेदन प्राप्त भएको र ठेकेदारहरुबीच समेत आन्तरिक विक्री गरी घाटगद्दी गर्न अनुमति दिईएको स्थानभन्दा फरक स्थानमा सामुहिक रुपमा घाटगद्दी गरेको अवस्था पाईएको देखिएको र सोहीबमोजिमको संयुक्त नापजाँच प्रतिवेदन प्राप्त भएको र कार्यालयबाट माथि उल्लिखित विषय फरफारक नहुँदासम्म उक्त सामग्रीहरु विक्री वितरण तथा ढुवानी गर्न/गराउन अनुमति नदिईएको अवस्था रहेकोमा उक्त ठेक्काहरु ढुंगा गिट्टी तथा बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७, बातावरण संरक्षण ऐन, २०७६ तथा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार ठेकेदारले उत्खनन गरेको परिमाण समेत यकीन गरी ठेक्काहरु फरफारक गर्नुपर्ने भएकोले निज ठेकेदारहरुसँग छलफल, अनुगमन तथा अध्ययन गरी प्रत्येकको परिमाण यकीन गरी राजश्व असुली लगायतका विषयमा स्पष्ट सिफारिस गर्नका लागि देहाय बमोजिमको समिति गठन गर्ने साथै उक्त समितिको निर्णय प्राप्त भएपछि कार्यपालिका वैठकमा छलफल गरी फरफारक गर्ने/गराउने निर्णय गरियो ।

**देहायः**

संयोजकः श्री पद्मा गुरुङ नगर उपप्रमुख
सदस्यः श्री मदन बहादुर राना (वडाध्यक्ष-२ )
सदस्यः श्री गंगा बहादुर थापा (वडाध्यक्ष-१०)
सदस्यः श्री विशाल ढकाल (पूर्वाधार शाखा प्रमुख)
सदस्यः श्री सुशिला श्रेष्ठ (राजश्व प्रशासन शाखा प्रमुख)

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०४/०९ को बैठक**

**निर्णय नं.५ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

(क) बेसीशहर नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत अनुसूचीमा संलग्न भए वमोजिमका कर्मचारीहरुको म्याद २०८३ असार मसान्तमा समास भएको सन्दर्भमा निजहरुको हालसम्मको कार्यसम्पादन सन्तोषजनक रहेकोले म्याद समास भएकै मितिदेखि लागु हुने गरी करार सेवाको म्याद २०८४ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो।

(ख) जिल्ला समन्वय समिति लमजुङबाट बेसीशहर नगरपालिकामा खटिई २०७५ बैशाख देखि यस नगरपालिकामा हाजिर भई निरन्तर कामकाज गर्दै आउनु भएका कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेलको अस्थायी नियुक्तिको म्याद २०८३ असार मसान्तमा समास भएको हुँदा नीजले साविकमा खाईपाई आएको तलबभत्तामा प्रतिकुल नहुने गरी सो अस्थायी नियुक्तिको म्याद, म्याद समास भएकै मितिदेखि लागु हुने गरी २०८४ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ : दररेट निर्धारण सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको क्षेत्रभित्र आर्थिक वर्ष २०८३/८४ मा सार्वजनिक निर्माण, बस्तु तथा सेवाको दररेट निर्धारणको लागि जिल्ला दररेट समितिको बैठकबाट निर्णय भए वमोजिमकै दररेटहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.७: चालु आ.व.का आयोजना/कार्यक्रमहरुको कार्यान्वयन विधि सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८३/८४ को लागि स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरु देहाय अनुसारको विधिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**देहायः**

**३.१ पूँजीगत प्रकृतिका आयोजना/कार्यक्रमः**

(क) संघीय/प्रदेश सशर्त, समपुरक र विशेष अनुदानतर्फकका सबै पूर्वाधारजन्य परियोजनाहरु र नगरपालिकातर्फका आयोजनाहरुको हकमा साधरणतया १५ लाख भन्दा बढी बजेट विनियोजन भएका आयोजनाहरु सार्वजनिक खरिद सम्बन्धमा भएका कानूनी व्यवस्था वमोजिम बोलपत्र/दरभाउपत्र आह्वान गरी प्रतिस्पर्धाबाट सेवा प्रदायक छनौट गरी कार्यान्वयन गर्ने गराउने ।

(ख) उपरोक्तानुसार बाहेकका आयोजनाहरुको हकमा लाभग्राही उपभोक्ता समितिमार्फत तथा सार्वजनिक खरिद सम्बन्धमा भएका अन्य व्यवस्था वमोजिम कार्यान्वयन गर्ने गराउने ।

(ग) एकै प्रकृति र एउटै भूगोलमा रहेका साना आयोजनाहरु सम्भव भएसम्म एकिकरण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

**३.२ चालु प्रकृतिका कार्यक्रम/क्रियाकलापः**

(क) सशर्त तर्फका चालु प्रकृतिका कार्यक्रम/क्रियाकलापहरुको हकमा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन, कार्यविधि, निर्देशिकामा भएका व्यवस्थाको पालना गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

(ख) नगरपालिकास्तरीय कार्यक्रम/क्रियाकलापहरुको हकमा निर्णयानुसार प्रस्तावना तयार गरी प्रक्रिया वमोजिम स्वीकृत गराई वा सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं.८: मापपदण्ड स्वीकृत सम्बन्धमा ।**

बेसीशहर नगरपालिका मातहत सञ्चालन हुने आयोजनाको वहुवर्षिय ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड,२०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**गुमान सिंह अर्याल**
**नगर प्रमुख**

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०४/०९ को बैठक

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं.९: डि.पि.आर. स्वीकृत र ठेक्का बन्दोबस्ती सम्बन्धमा ।**

आ.ब.२०८२/८३ मा अध्ययन भएका देहायबमोजिमका आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने र उक्त आयोजनाहरुको यथाशीघ्र वहुवर्षिय ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**देहायः**

१.बाखेजगतबाट नाल्मा वडा कार्यालयसम्मको सडक स्तरोन्नति, बेसीशहर नगरपालिका (संघीय समपुरक)

२. रिठ्ठेबगर- भकुण्डे- तिलाहार सडक कालोपत्रे, बेसीशहर नगरपालिका

**निर्णय नं.१०: कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८३/८४ को लागि स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको सन्दर्भमा विस्तृत शाखागत कार्यान्वयन कार्यतालिका तयार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११: सेनेटरी ल्याण्डफिल्ड साइटलाई व्यवस्थित बनाउने सम्बन्धमा ।**

फोहरमैला व्यवस्थापनको सन्दर्भमा बेसीशहर नगरपालिकाले हाल प्रयोगमा ल्याइरहेको बेसीशहर-८ स्थित कपुरिश्वर पार्क मुनि मजुवा खोला किनारको सेनेटरी ल्याण्डफिल्ड साइटलाई दुर्गन्ध रहित बनाउने सन्दर्भमा जम्मा भएको फोहरमैलालाई माथिबाट पुर्नको लागि बेसीशहर नगरपालिका-१ स्थित ठेक्का लाग्न नसकेको ढाँडको पाखा खेलमैदान लगायतको क्षेत्रबाट ग्राभेल/ गिटी /माटो ल्याई सेनेटरी ल्याण्डफिल्ड साईटमा रहेको फोहरजन्य पदार्थ पुर्ने निर्णय गरियो ।

**निर्णय नं.१२: मनसुनजन्य विपद् व्यवस्थापन सम्बन्धमा ।**

हाल वर्षायामको समय भएको र मनसूनी प्रणाली सक्रिय भईरहेको अवस्थामा जुनसुकै समयमा पनि मनसूनजन्य विपद्को घटना घट्न सक्ने हुँदा आवश्यक सतर्कता अपनाउने तथा विपद्जन्य घटना घटिहालेमा तत्काल प्रतिकार्य सम्बन्धी कार्यलाई प्रभावकारी बनाई जनधनको क्षति हुन नदिने, आपतकालीन कार्य सञ्चालन केन्द्रलाई तयारी हालतमा राख्ने तथा वडा/नगरस्तरीय विपद् व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउने निर्णय गरियो ।

**निर्णय नं.१३: लघु उद्यम विकास कार्यक्रमको वडा छनौट सम्बन्धमा ।**

चालु आ.व.२०८३/८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सशर्त तर्फको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) र सोही मोडेलमा कार्यान्वयन हुने लघु उद्यम विकास कार्यक्रम लागत साझेदारी (महिलासंग उपमेयर कार्यक्रम) संयुक्त रुपमा वडा नं ६ र १० मा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४: रातो किताव प्रकाशन सम्बन्धमा ।**

२०८३ असार १० गते शुरु भई असार २२ गते सम्पन्न भएको १९औं नगरसभा अधिवेशनबाट पारित आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट एवं आर्थिक र विनियोजन ऐन , लगायतका विवरणहरु समेटी तयार गरिने बार्षिक नगर विकास योजना आर्थिक वर्ष २०८३/८४ (रातो किताव) २०८३ साउन १५ गतेभित्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५: धन्यवाद ज्ञापन, बधाई र शुभकामना सम्बन्धमा ।**

नेपाल सरकारको उप सचिव एवम् बेसीशहर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी २ वर्षको स्नातकोत्तर अध्ययनको लागि जापान सरकारबाट प्राप्त हुने छात्रबृत्ति कोटामा मनोनयन भई यही साउन महिना भित्र वैदेशिक अध्यययको लागि जान लाग्नु भएको सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृतको पदिय भूमिकामा झण्डै १ वर्षसम्म रहेर बेसीशहर नगरपालिकामा पुर्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै हार्दिक वधाईका साथ आगामी दिनमा सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना सहित धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख